# यूहन्नाको

## दोस्रो पत्र

### अभिवादन

एल्डरबाट, चुनिएकी नारी र तिनका
छोराछोरी, जसलाई म सत्यतामा प्रेम गर्दछु,
मैले मात्र होइन तर सत्य जान्ने सबैले पनि प्रेम
गर्दछन्। २ किनकि हामीमा जुन सत्यता छ र
त्यो हामीसँग निरन्तर रहनेछ।

३ परमेश्वर पिता र पिताका पुत्र, प्रभु येशू
ख्रीष्टबाट सत्य अनि प्रेममा अनुग्रह, कृपा र
शान्ति तिमीहरूसित रहोस्।

### सत्यता र प्रेम

४ तिम्रा छोराछोरीमध्ये कुनैकुनैलाई
पिताबाट हामीले पाएका आज्ञाबमोजिम
सत्यतामा चलिरहेको भेट्टाउँदा, म ज्यादै
आनन्दित भएँ।

५ अनि हे नारी, म तिमीलाई विन्ती गर्दछु,
हामी एक–अर्कालाई प्रेम गरौं, हुन त यो मैले
नयाँ आज्ञा लेखेको होइनँ तर त्यही जो
सुरुदेखि नै थियो। ६ अनि उहाँका आज्ञाअनुसार
चल्नु नै प्रेम हो, तिमीले सुरुदेखि नै सुनेको
आज्ञा यही हो, तिमीहरू यसैमा चल।

७ अनेकौं बहकाउनेहरू संसारमा निस्केका
छन्, ती मानिसहरू, जसले संसारमा येशू ख्रीष्ट
शरीरमा आउनुभएको हो भनेर स्वीकार
गर्दैनन्। यस्तै व्यक्ति नै बहकाउने र ख्रीष्ट–
विरोधी हो। ८ होसियार बस, यसैले कि जुन
कुराका लागि तिमीले परिश्रम गरेका छौ, त्यो
इनाम नगुमाऊ, तर पूरा इनाम प्राप्त गर्ने होऊ।
९ ख्रीष्टको सिद्धान्तमा नरही अगाडि जाने जो
कोहीसँग परमेश्वर रहनुहुन्न, तर यस
सिद्धान्तमा स्थिर रहनेसँग पिता र पुत्र दुवै
हुनुहुन्छ।

१० यदि कोही तिमीहरूकहाँ आउँछ र यो
सिद्धान्त ल्याउँदैन भने त्यसलाई आफ्नो घरभित्र
स्वागत नगर, अथवा त्यसलाई अभिवादन पनि
नगर। ११ किनकि त्यसलाई अभिवादन गर्ने
व्यक्ति त्यसका दुष्ट काममा सहभागी बनेको
हुन्छ।

### अन्तिम अभिवादन

१२ मैले तिमीलाई धेरै कुरा लेख्नुपर्ने भए
तापनि म कागज र मसी चलाउँदिनँ, बरु म
आफै तिमीहरूकहाँ आएर मुखामुख भएर कुरा
गर्ने आशा गर्छु, यसैले कि हाम्रो आनन्द पूरा
होस्।

१३ तिम्री चुनिएकी बहिनीका छोराछोरीले
तिमीलाई अभिवादन पठाएका छन्।